वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक ३१५ | २०८२ चैत्र २६ गते विहीबार, नेपाल सम्वत् ११४६ April 09, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




## महिलाहरूलाई अचार बनाउने तालिम

तनहुँको व्यास नगरपालिका-३ मा महिलाहरूलाई लक्षित गर्दै अचार बनाउने तालिम दिइएको छ । गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमीहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले अचार सम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको हो । वडा नं. ३ का विभिन्न टोलबाट सहभागी महिलाहरूलाई अचार उत्पादनका विधि, सरसफाइ मापदण्ड, गुणस्तर कायम गर्ने तरिका, प्याकेजिङ, लेबलिङ तथा बजारीकरण सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरिएको थियो ।

*तस्विर : भञ्ज्याङ*

# विदेशको ज्ञान, स्वदेशमा कमाइ

**नारायण अधिकारी**/चितवन

दश वर्ष दुवइमा मजदुरी गरेर फर्कनुभएका टीकाबहादुर गुरूङले मायाँटारमा घरबास सुरू गरे पछि विदेश फर्कने सोच बदल्नुभएको छ । इच्छाकामना गाउँपालिका-३ मायाँटारमा बाटो छेउमा आफैं वसेको घरबाट उहाँले घरबास सुरू गर्नुभएको हो ।

विसं १९७८ मा बनेको पुरानो सैलीको घरमा बाटो हिँड्नेहरूलाई बास दिने चलन थियो । यही बाटो हुँदै उपरदाङ्गढी, शक्तिखोर, हुग्दी खोला, इच्छाकामना मन्दिर, फिस्लीङ्लगायतका ठाउँमा हिडेर जानेहरु रातमा यही बास बस्ने गर्थे । गुरूङले भन्नुभयो, "बाटोको घर भएकाले यही बाटो हुँदै हिँडडुल गर्नेहरूको बस्ने थलो हो यो", उहाँले थप्नुभयो, "हामीले पहिला देखिनै खान खान दिन्थ्यौं, मान्छे सुताउँथ्यौं ।"

दश वर्षको वैदेशिक रोजगारपछि फर्कनुभएका गुरूङले चार वर्ष अघि यो घरलाई मर्मतसम्भार गरेर घरबासका लागि कोठा बनाउनुभयो । दुवईमा होटलमा काम गरेको अनुभव लिनुभएका उहाँले फेरि फर्किएर जानुभन्दा यही केही गर्ने सोच बनाउनुभयो । दुवईमा मासिक रू एक लाख कमाउने गुरूङ यहाँ तीन जनालाई रोजगारी दिएर रू ८० हजार हाराहारी कमाई हुन थालेपछि विदेश जाने योजना स्थगित गरेर यही घरबास सञ्चालन गरेको बताउनुहुन्छ। साथी भाइको सुभावलाई मनन गर्दै उहाँले आफ्नो पुरानो घरमा घरबास बनाउनुभयो। उहाँले भन्नुभयो, "यही घरबाट सुरू गरेको पहिलो पिँढीमा दुईवटा कोठा र पछि दुईवटा गरेर चारवटा कोठा तयार भयो ।" यही घरमा उहाँहरूको परिवार बस्थ्यो ।

जिल्लाको पहाडी भूभागमा घरबास बने पछि त्यहाँ जानेहरूको चहलपहल वढ्न थाल्यो । गर्मीको मौसममा जानेहरु बढी हुन थाले। बिहानै घाम लाग्ने भएकाले जाडो महिनामा पनि रात बिताउन जानेहरु बढ्न थालेपछि आफूले घरबास विस्तार गरेको उहाँ बताउनुहुन्छ । अहिले घर बाहिर पनि कोठा बनाउनुभएको छ । एघार वटा कोठा छन् । तीमध्ये चार वटामा सँगै शौचालय पनि छ । उहाँले भन्नुभयो, "पाहुनाको मागअनुसार विस्तार गर्दै छौं ।" हिजो मायाँटार सुगम जिल्ला भएर पनि कर्णालीजस्तो रहेको भन्दै उहाँले बाटो, बत्ती सबै भए पछि अब मायाँटार पर्यटकीय गन्तव्य वन्न सकेको उहाँ बताउनुहुन्छ । दुई वर्षयता मायाँटारमा बिजुली बत्ती पुगेको छ । त्यस अघि पाहुनालाई टुकी र सोलारको उज्यालोमा राख्ने गरेको उहाँ बताउनुहुन्छ । मायाँटार चिनाउन चितवनका पत्रकारको भूमिका रहेको भन्दै उहाँले भन्नुभयो, "मायाँटार मायाँटार बन्नुमा पत्रकारको ठूलो हात छ । समाचारकै कारण यहाँ बिजुली आयो र घुम्ने ठाउँहो भन्ने प्रचार भयो ।"

मायाँटार घुम्न आउनेहरूका लागि यहाँको रमणीय वातावरणसँगै नजिकै रहेको बालगौरी पाथीभरा मन्दिर प्रमुख गन्तव्य हो । सेतो पहरा गुफा यहाँबाट १५ मिनेटको दूरीमा छ । तीन किलोमिटर पर पर्यटकीय गन्तव्य रिग्दी खोला छ। जहाँ चिसो पानीमा नुहाउन र असला माछा पाइन्छ । त्यस्तै उपरदाङ्गढी यहाँबाट नजिकै पर्दछ । प्रचार हुँदै गए पछि पाहुनाको चाप हुन थालेको छ । एक रातमा ४० जनासम्म राख्ने क्षमता आफूसँग रहेको भन्दै उहाँले अहिले वरपर अरूले पनि घरबास बनाउन थालेको बताउनुभयो । बिदाको दिनमा पहिलेनै फोनमार्फत बुकिङ हुने गरेको उहाँ बताउनुहुन्छ। आफूले स्थानीय उत्पादित खानेकुरा पाहुनालाई खुवाउने गरेको गुरूङले बताउनुभयो । त्यही उत्पादन भएको फर्सी, स्कुस, निगुरो, लोकल कुखुरा, बोका, खसीजस्ता स्थानीय उत्पादनमा पाहुना रमाउने गर्दछन्।




चितवनको तराई क्षेत्रमा अत्यधिक गर्मी हुँदा पनि त्यहाँ सिरक ओढेर सुत्नुपर्छ । यहाँ चितवनसहित काठमाडौं, मकवानपुर, पर्सा, नवलपरासी, कास्कीलगायतका धेरै जिल्लाबाट आन्तरिक पर्यटक घुम्न आउने गर्छन् । यो समुन्द्रिक सतहबाट करिब तीन हजार ५०० मिटर उचाइमा छ । भरतपुरबाट एक घण्टा ३० मिनेट हाराहारीको यात्रामा यहाँ पुग्न सकिन्छ । शक्तिखोर हुँदै त्यहाँ पुग्ने सडक कालोपत्रे छ । यही सडक हुँदै पृथ्वी राजमार्गको धादिङको हुग्दी खोला, धादिङ र चितवनको सिमानामा पर्ने मौवा खोला र चितवनको फिस्लिङमा पुग्न सकिन्छ । राजमार्ग तर्फबाट पनि त्यतीनै समयमा मायाँटार आउन सकिन्छ । रासस

# 'राष्ट्रिय एकता कायम राख्न नेपाली सेना सदैव अग्रसर छ'

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

प्रधानसेनापति अशोकराज सिग्देलले राष्ट्रिय एकता कायम राख्न नेपाली सेना सधैं अग्रसर रहेको बताएका छन् । तनहुँको खैरेनीटारमा बुधबार आयोजित भूतपूर्व सैनिक सम्मेलनमा उनले नेपाली सेनाले देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको संरक्षणमा इतिहासदेखि नै अतुलनीय योगदान गर्दै आएको बताए । प्रधानसेनापति सिग्देलले नेपाली सेनालाई आफ्नो ऐतिहासिक परम्परा कायम राख्दै वर्तमान तथा भविष्यका चुनौती सामना गर्न सक्षम संस्थाका रूपमा विकास गर्नुपर्ने बताए ।




उनले देशको सार्वभौमिकताको रक्षाका साथै आन्तरिक सुरक्षा, विकास निर्माण, विपद् व्यवस्थापन तथा अन्तर्राष्ट्रिय शान्ति स्थापनामा सेनाले निर्वाह गरेको भूमिकाले नेपाली सेनालाई स्वदेश तथा विदेशमा विश्वसनीय र सम्मानित संस्थाका रूपमा स्थापित गरेको बताए ।

प्रधानसेनापति सिग्देलले नेपाली सेनाको कल्याणकारी बोर्डले लाभग्राहीलाई एउटै छानामुनि ल्याउन सञ्जाल निर्माण तथा विस्तार गर्दै आएको बताए । उनले समग्र आर्थिक क्षेत्रमा आएको संकुचन र सुस्तताका कारण बैकिङ क्षेत्रमा थपिएको चुनौती, मुद्दती निक्षेपको ब्याज आम्दानीमा आएको गिरावट तथा शान्ति स्थापनामा खटिएका फौजको सयामा भएको कटौतीले कल्याणकारी कार्यक्रमको सञ्चालन र दिगोपनामा चुनौती थपिएको बताए ।

**सैनिक कल्याणकारी कोषबाट सहुलियतपूर्ण कर्जाको चेक हस्तान्तरण**

नेपाली सेनाले सञ्चालन गर्दै आएको सैनिक कल्याणकारी कोषबाट व्यवसाय सञ्चालनका लागि सहुलियतपूर्ण कर्जाको चेक हस्तान्तरण गरिएको छ । तनहुँको खैरेनीटारस्थित श्री नं ३ बाहिनी अड्डामा बुधबार आयोजित भुपू सैनिक सम्मेलनका क्रममा व्यवसाय सञ्चालनका लागि सिरास्मा श्रेष्ठलाई रू २० लाखको चेक हस्तान्तरण गरिएको हो । सोही अवसरमा सुष्मा किराना पसल सञ्चालनका लागि रू १५ लाखको चेक प्रदान गरिएको छ।

प्रधानसेनापति अशोकराज सिग्देल र सैनिक कल्याणकारी कोषका प्रमुख कार्यकारी अधिकृत हिरालाल जोशीले श्रेष्ठलाई उक्त चेक हस्तान्तरण गरेका हुन् ।

यस्तै, नेपाली सेनाबाट अवकाश प्राप्त सैनिक तथा आश्रित परिवार एवं बहालवाला परिवारको जीवनस्तर उत्थानका लागि कल्याणकारी बोर्ड र नेपाल इन्भेष्टमेन्ट मेघा बैंकबीच भएको

*बाँकी तेस्रो पेजमा*

# सम्पादकीय ............

www.bhanjyangnews.com

## स्वरोजगारनै समृद्धिको आधार

वैदेशिक रोजगारी आजको नेपालको वास्तविकता बन्दै जान थालेको छ । लाखौँ युवाको पसिना र आँसुसँग मिसिएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्रलाई अहिले पनि ठूलो आधार दिएको छ । तर विडम्बना जति पैसा भित्रिन्छ, त्यति नै फुकेको बत्तीझैँ खर्च भएर बाहिरिन्छ । उपभोगमुखी जीवनशैली, उत्पादनमूलक क्षेत्रमा न्यून लगानी, आयातमा निर्भरता बढ्नु र ग्रामीण अर्थतन्त्रको क्षय- यी सबैले मुलुकको आर्थिक संरचनामा नकरात्मक प्रभाव पार्दै लगेका छन् । अर्कोतिर, संघीय शासन प्रणालीले स्थानीय तहलाई जनताको घरदैलोमै सरकारको रूपमा स्थापित गरे पनि युवालाई स्वदेशमै सम्हाल्ने, उभ्याउने, रोजगारी सिर्जना गर्ने दिशा अझै बलियोसँग अघि बढ्न सकेको छैन । यही चुनौतीले आजको राष्ट्रिय बहसको केन्द्रबिन्दु 'युवालाई कसरी स्वदेशमै स्वरोजगार बनाउन सकिन्छ' भनेर औंला उठाइरहेको छ । नेपालमा अहिलेको प्रमुख सामाजिक-आर्थिक चुनौती बेरोजगारी मात्र होइन, 'शैक्षिक बेरोजगारी' हो । पढे-लेखेका युवाको ठूलो जमात अवसर अभावका कारण दिशाविहीन बनेका छन् । 'पढेर के गर्ने, जागिर पाइँदैन', 'खेतीपाती गरूँ भने जग्गा छैन, भए पनि सीप छैन', 'उत्पादन गर्‍यौं भने बजार छैन'- यस्ता कथनहरु अहिलेका युवाको यथार्थ कथा हुन् । कतिपय त राजधानीदेखि गाउँसम्म जागिरको खोजीमा वर्षौं धाइरहन्छन्, तर न काम पाउँछन् नै उचित मार्गदर्शन । यही अवस्थाले गर्दा गाउँघर युवा विहिन बन्दै गइरहेका छन् । उर्वर भूमि बाँझो छ। विकासका काममा श्रमिक अभाव छ । घरमा आमा-बुबा एक्लिने, भविष्यको पिँढी जन्मस्थलसँग टाढिँदै जाने स्थिति दिनदिनै गहिरिँदै छ । त्यसैले अहिलेको आवश्यकता के हो भने- युवालाई समस्या बताउने होइन, समाधानतर्फ डोर्याउने नेतृत्व । र त्यो नेतृत्वको पहिलो ढोका स्थानीय सरकार नै हो । नयाँ आर्थिक वर्षका नीति तथा कार्यक्रम तयारीको बेलामा स्थानीय तहदेखि संघसम्मका सबै सरकारका प्राथमिकतामा युवाको स्वरोजगार हुनु अपरिहार्य छ ।

स्थानीय सरकारले युवाको अवस्था पहिचान गरी रोजगारी-केन्द्रित योजना ल्याउनु आवश्यक छ । पहिलो- शैक्षिक बेरोजगार युवालाई प्रतिष्पर्धात्मक परीक्षामा सफल गराउन लोक सेवा तथा अन्य सेवा आयोग तयारी कक्षा सञ्चालन गर्न सकिन्छ। अहिले काठमाडौँ धाउनैपर्ने बाध्यता हटेमा धेरैलाई सहज हुने थियो । युवाले उचित मार्गदर्शन पाए भने सेवा आयोगमा सफलता हासिल गर्ने सम्भावना ठूलो हुन्छ । दोस्रो- धेरै युवाले उद्यम गर्न चाहन्छन्, तर आवश्यक सीप, तालिम र प्रारम्भिक लगानी अभाव हुन्छ । स्थानीय सरकारले उद्यमशीलता तालिम, सीप विकास कार्यक्रम, अनुदान तथा सहुलियत ऋणको सुव्यवस्थित व्यवस्था गर्नुपर्छ। कृषि, पशुपालन, टनेल खेती, मत्स्यपालन, हस्तकला, पर्यटन-आधारित व्यवसायजस्ता क्षेत्रमा युवालाई सशक्त बनाउने खालका कार्यक्रम तत्काल लागू गर्नुपर्ने आवश्यकता छ । तेस्रो- जग्गा नभएका युवाका लागि स्थानीय सरकार स्वयं सेतु बन्न सक्छ। जग्गाधनीसँग सहकार्य गरी प्रयोजनका लागि भाडामा जग्गा उपलब्ध गराउने, आधुनिक कृषि तालिम, औजार, मल-बिउ, औषधि उपलब्ध गराउने व्यवस्था मिलाउन सकिन्छ । उत्पादनलाई बजारसँग जोड्ने काम पनि स्थानीय सरकारको महत्वपूर्ण भूमिका हो । चौथो- विदेश जानै खोज्ने युवालाई रोक्न सकिँदैन, तर विदेश जान खर्च हुने रकम मातृभूमिमै लगानी गर्न सक्ने वातावरण बन्न सके ठूलो परिवर्तन संभव छ । विदेश जाने खर्चलाई स्वरोजगारका लागि परिचालन गर्ने कार्यक्रम प्रभावकारी बन्न सक्छ । सबैभन्दा महत्वपूर्ण कुरा- रोजगारी सिर्जनामा निष्पक्षता । जागिर, करार सेवा, परियोजना-आधारित कामहरूमा 'स्रोत-सम्पर्क' र 'नाता-कुटुम्ब'को चलनले युवाको मनोबल तोडिरहन्छ । स्थानीय सरकारले निष्पक्षता कायम गर्‍यो भने मात्र युवालाई आफ्नो भविष्य यहीँ छ भन्ने विश्वास जगाउन सकिन्छ ।

नेपालका युवालाई विदेश जान मन लागेर गएको होइन- अवसर नदेखेर, मार्गदर्शन नपाएर, असमानताको पीडा सहेर विदेशिने बाध्यता बनको हो । यदि स्थानीय सरकार, प्रदेश र संघीय सरकार तीनै तहले मिलेर स्वरोजगारमुखी नीति बनाइरहे- सीप, तालिम, सहुलियत ऋण, बजार सुनिश्चितता र पारदर्शिता लागू गरे युवाले स्वदेशमै भविष्य खोज्नेछन् । समृद्धिको बाटो रेमिट्यान्सले होइन, स्वदेशमा उत्पादन र युवाको सीपले खोलिन्छ । युवालाई पढाइ, सीप, अवसर र सम्मान- यी चार आधार उपलब्ध गराउने काम सरकारले आफ्नो प्राथमिकतामा राख्नैपर्छ । आज युवालाई स्वदेशमै स्वरोजगार बनाउने कार्य केवल कार्यक्रम होइन- मुलुकलाई समृद्ध बनाउने मूल चाबी हो । सरकार र युवा दुवै सचेत बन्नुपर्ने, हातेमालो गर्नुपर्ने समय यही हो । यदि हामीले युवालाई रोक्यौँ, बोल्यौँ र उभ्यायौँ भने नेपाल केही वर्षमै आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको दिशामा दृढ कदम चाल्न सक्षम हुनेछ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# स्थानीय तहको 'सीमा हेरफेर'मा किन ढिलाइ ?

हाल मुलुकमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ स्थानीय सरकार छन् । संविधानको धारा २९५ बमोजिम गठित स्थानीय तह पुनर्संरचना आयोगको सिफारिस तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय (२०७३/७४) का आधारमा स्थानीय सरकार निर्धारण गरिएको हो। ति अन्तर्गतका ६,७४३ वडा कार्यालयहरु समेत सक्रिय रूपमा सञ्चालनमा रहेका छन्। यी संरचनाहरूले स्थानीय लोकतन्त्रलाई नागरिकको घरदैलोमै पुर्‍याउने मात्र होइन, राज्यप्रतिको जनविश्वासलाई थप सुदृढ बनाउने कार्य गरेका छन् । संघीय शासन प्रणाली कार्यान्वयनको यस अवधिमा स्थानीय सरकारहरूले सेवा प्रवाह, विकास निर्माण, योजना तर्जुमा तथा वित्तीय व्यवस्थापनमा उल्लेखनीय अनुभव हासिल गरेका छन्।

साथसाथै जनसंख्यामा आएको परिवर्तन, आर्थिक क्रियाकलापको विस्तार, भौतिक पूर्वाधारको विकास, शिक्षा-स्वास्थ्यजस्ता सेवाहरूको वृद्धि तथा बजार क्षेत्रको विस्तारका कारण गाउँपालिकाहरूले क्रमशः शहरी स्वरूप ग्रहण गर्न थालेका छन्। यस अवस्थाले स्थानीय तहको प्रारम्भिक





कलानिधि देवकोटा

वर्गीकरणको पुनरावलोकन आवश्यक रहेको संकेत गर्दछ । संविधान जारीपश्चात गरिएको पुन:संरचनाले तत्कालीन राजनीतिक तथा प्रशासनिक आवश्यकताहरूलाई सम्बोधन गरेको भए पनि समयानुकूल संरचनागत पुनर्संरचनाको आवश्यकता महसुस गरिनु स्वाभाविक देखिन्छ।

नीतिगत दृष्टिले स्थानीय सरकारको वर्गीकरण केवल नाम वा हैसियत परिवर्तनको विषय नभई सेवा प्रवाहको गुणस्तर, प्रशासनिक कार्यक्षमता र सहजता, वित्तीय स्थायित्व तथा योजनाबद्ध शहरी विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय हो। उपयुक्त मापदण्ड र वस्तुगत आधारमा पुन:वर्गीकरण गर्न सकेमा स्थानीय शासन प्रणाली अझ सुदृढ, उत्तरदायी र परिणाममुखी बन्न सक्दछ । साथै आर्थिक गतिविधि, पूर्वाधार र जनसंख्या तथा 'जनघनत्व'का आधारमा यथार्थपरक वर्गीकरण भएमा स्रोतसाधनको न्यायोचित वितरण र दीर्घकालीन शहरी योजना कार्यान्वयनमा समेत सकारात्मक प्रभाव पर्न सक्दछ ।

**स्थानीय सरकारबाटै किन?**

विभिन्न अध्ययनहरूले स्थानीय सरकारहरु अन्य तहका सरकारको तुलनामा नागरिकबीच बढी लोकप्रिय र विश्वासिलो रहेको देखाएका छन् । यसले सक्षम र प्रभावकारी स्थानीय शासन नै समग्र राष्ट्रिय विकासको आधार हो भन्ने तथ्यलाई पुष्टि गर्दछ। तर, दुई कार्यकालको अभ्यासपछि अब हामीले 'स्थानीय तहको संख्या र सीमाना अपरिवर्तनीय हो ? भन्ने प्रश्नको उत्तर खोज्ने बेला आएको छ।

**संवैधानिक तथा कानुनी आधार**

पुनर्संरचनाको संवैधानिक आधार संविधानको धारा २९५ (३) मा निहित छ, जसले स्थानीय तहको संख्या र सिमाना निर्धारणका लागि विशेष व्यवस्था गरेको थियो। यद्यपि संघीयता एक गतिशील प्रक्रिया भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ र ४ ले गाउँपालिका तथा नगरपालिकाको संख्या, सिमाना, नाम, केन्द्र र वर्गीकरण परिवर्तन गर्ने कानुनी बाटो खुला राखेको छ। वर्तमान ऐनले महानगर र गाउँपालिकालाई लगभग समान अधिकार प्रदान गर्दा कार्यगत विशिष्टीकरण कमजोर भएको देखिन्छ।

साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जस्तै भौगोलिक, जनसांखियक र आर्थिक विशेषताका आधारमा नगरपालिका र गाउपालिकाको अधिकार बाँडफाँट गर्ने व्यवस्था हाल पर्याप्त रूपमा प्रतिबिम्बित हुन सकेको छैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका वा नगरपालिकाको संख्या वा सिमाना हेरफेर गर्नुपरेमा सम्बन्धित सभाको दुईतिहाइ बहुमतले प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकार संघलाई पठाउनुपर्ने व्यवस्था गरेको छ । तर यस्तो हेरफेर निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्ष अगाडी नै गरिसक्नुपर्ने कानुनी बाध्यता छ । दफा ८४ ले दुई वा दुई भन्दा बढी स्थानीय सरकार बीच सिमाना, अधिकार क्षेत्र वा प्राकृतिक स्रोतको उपयोगको विषयमा विवाद उत्पन्न भएमा प्रदेश समन्वय परिषद्ले समन्वय र समाधान गर्ने भनिएको छ ।

**पुनर्संरचनाका आधारहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ र ५ ले केही निश्चित आधारमा पुनर्संरचना गर्न सकिने भनेको छ । जुन निम्न अनुसार छन्-

**१. जनसंख्या र सेवा प्रवाह**

पुनर्संरचनाको पहिलो सर्त जनसंख्याको न्यायोचित वितरण हो। जनघनत्व र सेवा प्रवाहको अनुपात नमिलेमा ठूला स्थानीय सरकारमा प्रशासनिक चाप र सानामा स्रोतको अनुत्पादक खर्च बढ्छ। त्यसैले, सेवाको पहुँच र नागरिकको संख्याबीच सन्तुलन कायम गर्नु नै पुनर्संरचनाको मुख्य ध्येय हो।

**२. आर्थिक दिगोपना र स्रोतको बाँडफाँड**

प्राकृतिक स्रोत (ढुङ्गा, बालुवा, पानी, वन) स्थानीय सरकारको आन्तरिक आयको मेरूदण्ड हो। स्रोतको असमान वितरणले स्थानीय सरकारबीच आर्थिक खाडल सिर्जना गर्छ। पुनर्संरचना गर्दा प्राकृतिक स्रोतको न्यायोचित नक्साङ्कन गरिनुपर्छ ताकि हरेक गाउरनगरपालिका आत्मनिर्भर बन्ने न्यूनतम आधार प्राप्त होस् र सीमा विवाद नहोस् भन्ने आधारमा हेरिनुपर्छ ।

**३.सुगमता र प्रशासनिक प्रभावकारिता**

भौगोलिक निरन्तरता र अनुकूलताले शासनको लागत घटाउछ । प्रशासनिक केन्द्र र सेवाग्राहीबीचको दुरी जति कम र सुगम हुन्छ, सुशासन त्यति नै प्रभावकारी हुन्छ। अपायक भूगोललाई एउटै इकाइमा राख्दा सेवा प्रवाहमा ढिलाइ र लागतमा वृद्धि हुने भएकाले भौगोलिक सामीप्यता लाई प्राथमिकता दिनुपर्छ।

**४. सामाजिक-सांस्कृतिक अपनत्व**

स्थानीय सरकार केवल प्रशासनिक इकाई मात्र नभई सामाजिक पहिचानको केन्द्र पनि हो । भाषा, संस्कृति र ऐतिहासिक सम्बन्ध भएका समुदायलाई एउटै प्रशासनिक संरचनामा समेट्दा नागरिकको अपनत्व बढ्छ। यसले सामाजिक पुँजीको निर्माण र स्थानीय लोकतन्त्रलाई जगैदेखि बलियो बनाउँछ।

**किन आवश्यक छ, क्षेत्रगत पुनर्संरचना**

स्थानीय तहको पुनर्संरचना नेपालकै इतिहासमा सबैभन्दा ठूलो राजनीतिक-प्रशासनिक सुधार भए पनि यसको विमर्श अझै अपूरो देखिन्छ। केही नगरपालिका तथा गाउँपालिकाहरु अत्यन्त ठूलो र भौगोलिक रूपमा दुर्गम रहँदा, केही स्थानीय सरकारहरु आर्थिक रूपमा कमजोर छन् भने वडाको सीमाङ्कन र सेवा केन्द्रसम्मको दूरीले नागरिकको पहुँचमा प्रत्यक्ष असर पारेको छ, जसले सूक्ष्म रूपमा पुनर्संरचनाको आवश्यकता औंल्याएको छ।

भौगोलिक पुनर्संरचनाको बहस अब केवल भूगोलमा सीमित नरही कार्य, अधिकार र स्रोतको बाँडफाँडसँग गहिरो रूपमा जोडिएको छ, जहाँ संघ, प्रदेश र स्थानीय तहबीचको अधिकारको दोहोरोपन, बाझिएका कानुन, कानुनी अस्पष्टता तथा कार्यान्वयनगत द्वन्द्वहरूले क्षेत्रीय सुधारलाई संस्थागत सुधारसँग अनिवार्य रूपमा गाँसेको देखिन्छ। संघीयता कार्यान्वयनको झन्डै १० वर्ष पुग्न लाग्दा र दोस्रो कार्यकालको करिब १४ महिना बाँकी रहँदा पुनर्संरचनाको माग उठ्न थालेकाले यसबारे बहस तीव्र रूपमा गर्नुपर्ने भएको छ। यस पृष्ठभूमिमा नेपाल नगरपालिका संघले गरेको अध्ययनबाट हालै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई बुझाएको प्रतिवेदनले केही गम्भीर तथ्यहरु उजागर गरेको छस् ।

**प्रशासनिक खर्च र अनुदान**

प्रशासनिक खर्च र अनुदानको वर्तमान प्रवृत्तिले स्थानीय सरकारहरूको वित्तीय दिगोपनमा गम्भीर प्रश्न उठाएको छ। धेरै गाउँपालिकाहरु तथा नगरपालिकाहरु अझै पनि आर्थिक रूपमा आत्मनिर्भर बन्न सकेका छैनन्। पछिल्ला वर्षहरूमा सशर्त अनुदान बढ्दै जानु र समानीकरण अनुदान घट्दै जानुले स्थानीय सरकारको वित्तीय स्वायत्तता कमजोर बनाएको देखिन्छ, किनकि सशर्त

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
नयाँ योजना सुरू गर्ने समय छ। आर्थिक पक्ष सुधार हुने संकेत छ। परिवारसँग समय बिताउन पाइनेछ।

**वृष**
धैर्य गर्नुपर्ने दिन छ। अनावश्यक खर्च बढ्न सक्छ। काममा ढिलाइ हुनसक्छ तर प्रयास जारी राखे सफलता मिल्नेछ।

**मिथुन**
सामाजिक प्रतिष्ठा बढ्नेछ। साथीभाइबाट सहयोग मिल्नेछ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ।

**कर्कट**
कामको चाप बढ्नेछ। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ। पारिवारिक जिम्मेवारी बढ्न सक्छ।

**सिंह**
भाग्य साथ दिनेछ। अध्ययन र यात्राका लागि राम्रो दिन छ। नयाँ काम सुरू गर्न सकिनेछ।

**कन्य**
आर्थिक सावधानी अपनाउनुहोस्। गोप्य कुरा सार्वजनिक हुनसक्छ। स्वास्थ्यमा ध्यान दिनु राम्रो।

**तुला**
साझेदारीमा लाभ हुनेछ। वैवाहिक जीवन सुखद र हनेछ। नयाँ सम्बन्ध विस्तार हुने सम्भावना छ।

**वृश्चिक**
काममा सफलता मिल्नेछ। प्रतिस्पर्धामा जित हासिल गर्न सकिनेछ। स्वास्थ्य सामान्य रहनेछ।

**धनु**
रचनात्मक कार्यमा रूचि बढ्नेछ। प्रेम सम्बन्धमा मधुरता आउनेछ। सन्तानबाट खुशी मिल्नेछ।

**मकर**
घरपरिवारमा समय दिनु पर्नेछ। मानसिक तनाव हुनसक्छ। धैर्य र संयम आवश्यक छ।

**कुम्भ**
आजको दिन सञ्चार र व्यापारमा लाभ हुनेछ। छोटो यात्रा हुनसक्छ। साथीभाइसँग भेटघाट हुनेछ।

**मीन**
आर्थिक लाभ हुने संकेत छ। आज बोलीको प्रभाव बढ्नेछ। नयाँ अवसर प्राप्त हुनेछ।

# स्थानीय तहको 'सीमा .....

अनुदानले स्थानीय प्राथमिकताभन्दा केन्द्रको प्राथमिकतालाई बढी निर्देशित गर्छ। यसैबीच, पुँजीगत बजेटभन्दा प्रशासनिक (चालु) खर्च उच्च दरमा बढ्दै जानुले विकास निर्माणमा लगानीको दायरा खुम्चिँदै गएको संकेत गर्दछ। यदि यही प्रवृत्ति कायम रहने हो भने, सीमित स्रोतलाई धेरै साना-साना स्थानीय सरकारहरूमा विभाजन गर्दा खर्चको कार्यकुशलता घट्ने र दोहोरो संरचना बढ्ने जोखिम रहन्छ। त्यसैले दीर्घकालीन वित्तीय दिगोपन, सेवा प्रवाहको गुणस्तर र स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न ७५३ स्थानीय सरकारहरूको संरचना 'राइट-साइजिङ' गर्ने विषयमा गम्भीर बहस आवश्यक देखिन्छ।

**सीमाना विवाद समाधान**

स्थानीय सरकार बिच तथा स्थानीय र प्रदेश सरकारबीच प्राकृतिक स्रोत (ढुङ्गा, गिटी, बालुवा, पानी र वन)को उपयोग तथा राजस्व संकलनमा व्यापक विवाद देखिएको छ। स्पष्ट सीमाङ्कनको अभाव, अधिकारक्षेत्रको दोहोरो व्याख्या र कानुनी अस्पष्टताका कारण एउटै स्रोतमा बहुतह दाबी सिर्जना हुने गरेको छ। यसले स्रोतको दिगो उपयोगमा अवरोध मात्र पुर्‍याएको छैन, सम्भावित राजस्व संकलनसमेत घटाएको छ र अनियमित दोहनको जोखिम बढाएको छ। एउटा उदाहरण हुप्सेकोट गाउँपालिकाको कावासोती नगरपालिका र पाल्पाको निस्दी गाउँपालिकासँगको सिमाना विवादले खानेपानीको मुहान, वन क्षेत्र र सडक पूर्वाधार निर्माणमा समस्या निम्त्याएको छ।

यस विवादका कारण स्थानीय बासिन्दाहरु आधारभूत सेवाबाट वञ्चित हुनुका साथै विकासका आयोजनाहरु समेत अलपत्र परेका छन्। पहाडी र भित्री मधेशको भूगोल जोडिएको ठाउँमा वनको सिमाना स्पष्ट छैन। यसले गर्दा विकास निर्माणका लागि आवश्यक पर्ने सामग्री निकाल्दा एउटा स्थानीय सरकारले अर्कोलाई ूअतिक्रमणू को आरोप लगाउने गर्दछन्। संघीय कानुन र प्रदेश कानुनका केही प्रावधानहरु आपसमा बाझिँदा स्थानीय तहले कुन आधारमा राजस्व उठाउने भन्नेमा अन्योल छ।

**ढिलासुस्ती कि राजनीतिक उदासीनता**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मन्त्रालयका अनुसार इलामदेखि बाजुराको त्रिवेणी नगरपालिकासम्म वडा विभाजनरथप तथा सिमाना हेरफेरका लागि नगर तथा गाउँपालिकाहरूबाट प्रदेश सरकारमार्फत ९७ वटा निवेदनहरु पेश भएका छन्। यसबाहेक सिधै प्राप्त हुने निवेदनहरूको समेत स्पष्ट अभिलेख उपलब्ध छैन। तर यतिका वर्ष बितिसक्दा पनि ती विषयहरूमा सम्बोधन हुन सकेको छैन।

पटक-पटक निवेदन र उजुरीहरु दर्ता भए तापनि मन्त्रालयको तर्फबाट आवश्यक प्राविधिक नापजाँच, तथ्यमा आधारित मूल्याङ्कन तथा पर्याप्त राजनीतिक समन्वय हुन नसक्दा ती निवेदनहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन्। परिणामस्वरूप, स्थानीय सरकारबीच तथा तीन तहका सरकारबीचको सम्बन्ध क्रमशः चिर्सिंदै जाने अवस्था सिर्जना भएको छ । यो विषय केवल प्रशासनिक कमजोरीको परिणाम मात्र होइन, बरू मूलतः राजनीतिक निर्णयसँग सम्बन्धित भएकाले कर्मचारीगत सीमाभन्दा बढी राजनीतिक सहमति र स्पष्टताको खाँचो देखिन्छ।

**चार जिल्ला : अन्याय कि बाध्यता**

नेपालका ७७ जिल्लामध्ये अझै पनि ४ वटा जिल्लाका सदरमुकामहरूलाइ नगरपालिका घोषणा गरिएको छैन । हुम्लाको सिमकोट, मनाङको चामे, मुस्ताङको जोमसोम र रसुवाको धुन्चे। यी चारै जिल्लाका सदरमुकामहरु अहिले पनि गाउँपालिकाकै रूपमा रहेका छन्। जिल्लाको प्रशासनिक केन्द्र भएर पनि नगरपालिकाको पूर्वाधार र पहिचान नपाउनु ती क्षेत्रका नागरिकका लागि न्यायोचित छैन।

यी क्षेत्रलाई जनघनत्व र सदरमुकामको पहुँच तथा कार्यगत भूमिकालाई आधार मानेर विशेष मापदण्डका आधारमा नगरपालिका घोषणा गर्दा प्लानिङ र बजेटिङको ढाँचा परिवर्तन भई ठूला र साना आयोजनाहरूमा समेत लगानी आकर्षित गर्न सकिन्छ। एकातिर रौतहटमा केवल जनसंख्याको आधारमा १६ वटा नगरपालिकाहरु गठन गरिएका छन् भने अर्कोतिर लामो समयदेखि जिल्ला सदरमुकाम रहेका स्थानहरु समेत अझै गाउँपालिकाको रूपमा रहनु नीतिगत रूपमा असंगत र हाँस्यास्पद देखिन्छ। केवल जनसंख्यालाई मात्र मापदण्ड बनाएर पुनरावलोकन गर्ने हो भने वि.सं. २०७८ को जनगणनाअनुसार कतिपय नगर र केही महानगरपालिकाहरूले समेत आवश्यक मापदण्ड पूरा नगरेको देखिन्छ।

**आर्थिक केन्द्रको नयाँ खाका**

नेपाल नगरपालिकासंघको पछिल्लो प्रतिवेदनले जनघनत्व, आर्थिक गतिविधि तथा चलायमान जनसंख्याका आधारमा केही सहरहरूको स्तरोन्नति आवश्यक रहेको सिफारिस गरेको छ। उदाहरणका लागि, बुटवल उपमहानगरपालिका केवल एउटा सहर मात्र नभई पश्चिम नेपालको महत्वपूर्ण आर्थिक प्रवेशद्वारका रूपमा स्थापित भइसकेको छ। छिमेकी पाल्पा, कपिलवस्तु र रूपन्देहीका आसपासका सहरी क्लस्टरहरूलाई समेटेर यसलाई महानगरपालिकामा स्तरोन्नति गर्न पर्याप्त आधारहरु छन्। काभ्रे उपत्यकाका धुलिखेल, बनेपा र पनौती जस्ता ऐतिहासिक नगरपालिकाहरूलाई आफ्नो मौलिक पहिचान जोगाउने गरी उपमहानगरपालिकाका रूपमा विकास गर्न सकिन्छ। यसले साझा पूर्वाधार विकास र आर्थिक सामाजिक पक्ष बलियो बनाउने देखाएको छ।

त्यसैगरी, लुम्बिनी प्रदेशको सिद्धार्थनगर तथा कोशी प्रदेशको दमक नगरपालिकाले उपमहानगरपालिका बन्नका लागि आवश्यक आर्थिक र भौतिक पूर्वाधारसम्बन्धी मापदण्डहरु धेरै हदसम्म पूरा गरिसकेका छन्। आवश्यक परेमा जनसंख्या र सहरी निरन्तरताका आधारमा आपसमा जोडिएका क्षेत्र (क्लस्टर)लाई एकीकृत गरी थप सुदृढ संरचना निर्माण गर्न सकिन्छ।

कर्णाली प्रदेशमा हालसम्म कुनै पनि महानगररउपमहानगरपालिका नभएको सन्दर्भमा प्रदेश राजधानी वीरेन्द्रनगरलाई उपमहानगरपालिकाका रूपमा स्तरोन्नति गरी लक्षित लगानीमार्फत एक सशक्त आर्थिक केन्द्रका रूपमा विकास गर्नु आवश्यक छ । यसबाट प्राप्त आर्थिक प्रतिफल समग्र कर्णाली प्रदेशमा विकासको गुणात्मक प्रभाव सिर्जना गर्न सक्षम हुनेछ । त्यसैगरी, दाङको राप्तीसहित तीव्र सहरीकरण वा नयाँ सहरको स्वरूप लिँदै आएका हिमाली तथा पहाडी क्षेत्रका ३१ वटा गाँउपालिकाहरूलाई नगरपालिकामा स्तरोन्नति गरी प्रभावकारी सहरी व्यवस्थापन र सेवा प्रवाह सुनिश्चित गर्नु आवश्यक छ।

**अन्तर्राष्ट्रिय अभ्यास**

विश्वका सफल संघीय मुलुकहरूले समय-समयमा स्थानीयसरकारको संख्या घटाउने वा बढाउने अभ्यास गरिरहन्छन्। २००७ मा लागू भएको स्थानीय सरकारको संरचनात्मक सुधार अन्तर्गत डेनमार्क सरकारले संसदमार्फत अघि बढाएको थियो, जसलाई डेनिश संसदले २००५ मा पारित गर्‍यो र १ जनवरी २००७ देखि लागू गरिएको थियो। यसले पुराना साना नगरपालिकाहरूलाई गाभेर ठूलो र सक्षम स्थानीय सरकारहरु बनायो। जापानमा सन् १९९० को दशकको अन्त्यतिर देखिएको आर्थिक मन्दी, तीव्र बुढ्यौली जनसंख्या र ग्रामीण क्षेत्रमा घट्दो जनसंख्याको चुनौतीलाई सम्बोधन गर्न मर्जर कार्यक्रम अघि बढाइएको थियो।

सन् १९९९ मा जापानमा करिब ३ हजार २३० भन्दा बढी नगरपालिका रहेकोमा मर्जरपछि संख्या घटेर सन् २०१० सम्म झण्डै १,७२० मा सीमित भयो । यसले करिब आधाभन्दा बढी स्थानीय सरकारहरूलाई एकीकृत गरेको देखिन्छ । क्यानडामा टिल्ट कोभ नगरको जनसंख्या करिब ४०० भन्दा कम छ। यो क्यानडाको सबैभन्दा सानो सहरमध्ये एक मानिन्छ।

क्यानडामा नगरपालिका वर्गीकरण जनसंख्या मात्र नभई ऐतिहासिक अवस्था, भौगोलिक दूरी, सेवा आवश्यकता र प्रशासनिक परम्परामा आधारित हुन्छ र सानो जनसंख्या भए पनि ती ठाउँहरूलाई स्थानीय सरकारको रूपमा कायम राखिएको हुन्छ। यसले देखाउँछ कि नगरपालिका घोषणा गर्दा केवल जनसंख्या मात्र होइन, भौगोलिक अवस्थिति, पहुँच, सेवा वितरण र स्थानीय आवश्यकता पनि उत्तिकै महत्वपूर्ण हुन्छन्। नेपालमा पनि अबको पुनर्संरचना केवल प्रशासनिक विभाजन मात्र नभई इकोनोमिक हब वा क्लस्टर विकासको आधारमा हुनुपर्छ।

**सबल वडा र पहिचानको संरक्षण**

वडालाई केवल 'सिफारिस केन्द्र'मा सीमित राख्नुले स्थानीय सरकारको आधारभूत संरचनालाई कमजोर बनाउँछ। वडा नागरिकसँग सबैभन्दा नजिकको शासन इकाइ भएकाले सेवा प्रवाह, योजना छनोट र सामाजिक उत्तरदायित्वमा यसको निर्णायक भूमिका हुन्छ। तर अत्यन्त साना, छरिएका र स्रोतविहीन वडाहरूले न त पर्याप्त प्राविधिक जनशक्ति राख्न सक्छन्, न त प्रभावकारी सेवा दिन सक्छन् । त्यसैले जनसंख्या, भौगोलिक पहुँच र सेवा दायरालाई आधार मानेर यस्ता वडाहरूलाई एकीकृत गरी "सबल वडा" निर्माण गर्नु आवश्यक हुन्छ, जसले प्रशासनिक खर्च घटाउनुका साथै सेवा गुणस्तर र उत्तरदायित्व दुवै बढाउँछ।

तीव्र सहरीकरणको सन्दर्भमा योजनाबद्ध विकास सुनिश्चित गर्न प्रत्येक नगरपालिकामा कम्तीमा एक जना सहरी योजनाकार र एक जना वातावरणविद्को दरबन्दी अनिवार्य गरिनु आवश्यक छ। हाल धेरै नगररगाउपालिकामा प्राविधिक क्षमताको अभावका कारण अव्यवस्थित बस्ती विस्तार, वातावरणीय जोखिम र पूर्वाधारको असन्तुलित विकास देखिन्छ।

योग्य प्राविधिक जनशक्ति उपलब्ध भएमा भूउपयोग योजना, हरित क्षेत्र संरक्षण, जोखिम व्यवस्थापन र दिगो पूर्वाधार विकासलाई संस्थागत गर्न सकिन्छ। स्थानीय तहको पुनर्संरचना केवल राजनीतिक र प्रशासनिक सुधारको विषय मात्र होइन । यो नेपालको आर्थिक विकास, दिगो सहरी व्यवस्थापन र सङ्घीयताको सुदृढीकरणसँग प्रत्यक्ष जोडिएको रणनीतिक एजेन्डा हो।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि सबल स्थानीय सरकार पहिलो सर्त हो। यसका लागि समयानुकूल स्थानीय तहको संरचनात्मक सुधार तथा तहगत सरकारबीच स्पष्ट कार्यविभाजन अनिवार्य छ। तीन तहका सरकारबीच प्रभावकारी समन्वय सुनिश्चित गर्न संस्थागत पुनर्संरचना अपरिहार्य देखिन्छ। संघीय मामिलालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राखी अन्तर-सरकारी समन्वयलाई सुदृढ गर्ने तथा सामान्य प्रशासनलाई मानव संसाधन र व्यवस्थापनमा केन्द्रित छुट्टै विभागका रूपमा विकास गर्नु उपयुक्त हुनेछ।

सरकारले अघि सारेको शासकीय सुधार कार्यसूचीमा यो विषय नीतिगत रूपमा समावेशहुनुपर्ने हो । यस्तो महत्वपूर्ण पक्षको अभावमा अपेक्षित शासकीय सुधार हासिल हुन कठिन देखिन्छ। तथापि, संविधान संशोधनको पहल सकारात्मक देखिन्छ र परिणाम छिटो हासिल गर्न त्यसमा टेरिटोरियल रिफर्मको एजेन्डा समेत समावेश गरिनु आवश्यक छ।

ऐनका स्पष्ट प्रावधान अनुसार स्थानीय सरकारको वर्गीकरण तथा स्तरोन्नति, सिमाना हेरफेर, समायोजन वा विवाद समाधानको प्रक्रिया आगामी निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्ष अगावै सम्पन्न गरिसक्नुपर्नेछ। अतः नगरपालिका तथा उपमहानगरमा स्तरोन्नतिको सम्भावना भएका क्षेत्रहरु र विभिन्न स्थानमा देखिएका सीमा विवादहरूलाई समयमै सम्बोधन गर्न नेपाल सरकारले प्राविधिक टोली परिचालन गरी विवादित क्षेत्रहरूको जीपीएस सर्भे तथा स्थलगत अध्ययन तुरुन्त अघि बढाउनुपर्छ।

साथै, वर्गीकरणरस्तरोन्नति तथा सिमाना हेरफेर वा समायोजन सम्बन्धी प्रस्तावहरु मन्त्रिपरिषद्बाट शीघ्र स्वीकृत गराई राजपत्रमा प्रकाशन गर्ने प्रक्रिया अविलम्ब अघि बढाउन आवश्यक छ। भूभागीय पुनर्संरचना एक गतिशील र निरन्तर प्रक्रिया हो। त्यसैले सरकारले केवल तदर्थ रूपमा विवाद समाधान गर्ने अभ्यासमा सीमित नभई दीर्घकालीन रणनीति अवलम्बन गर्नुपर्छ।

यसका लागि सीमा विवादको व्यवस्थित पहिचान, प्राकृतिक स्रोतहरूको उत्पादकत्व मूल्याङ्कन तथा वस्तुगत मापदण्डका आधारमा 'वर्गीकरण र स्तरोन्नति'लाई निरन्तर परिमार्जन गर्दै लैजाने एक स्थायी संस्थागत संयन्त्र स्थापना गर्न आवश्यक छ। साथै, समयानुकूल आवश्यक कानुनी संशोधन गरी उत्पन्न समस्याहरूको दिगो समाधान सुनिश्चित गर्नुपर्छ।

अनलाइनखबरबाट

(देवकोटा नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक हुन् ।)

# मोटरसाइकल दुर्घटनामा दुई जना घाइते

**भाञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको म्याग्दे गाउँपालिका-२ जामुनेस्थित पृथ्वीराजमार्गमा मोटरसाइकल दुर्घटना हुँदा दुई जना घाइते भएका छन् । बुधबार साँझ करिब ६ बजे दमौलीबाट पोखरातर्फ जाँदै गरेको ग११प ८३३२ नम्बरको मोटरसाइकल चालकले नियन्त्रण गुमाउँदा दुर्घटना भएको हो।

दुर्घटनामा मोटरसाइकल चालक सप्तना कँवर (६९) सामान्य घाइते भएका छन्। उनको दाहिने हातको पाता र बाँया हातको सानो औंलामा चोट लागेको छ।

त्यस्तै, पछाडि सवार मोहन घिमिरे (६६) गम्भीर घाइते भएका छन्। उनको टाउको र मुखमा गहिरो चोट लागेको छ र बोल्न नसक्ने अवस्थामा रहेका छन्। घाइते दुवैलाई उपचारका लागि प्रदेश अस्पताल दमौली पठाइएको प्रहरीले जनाएको छ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी थर्पु बाट प्र.ना.नि. केश बहादुर कुमालको कमाण्डमा ट्राफिकसहित ५ जनाको टोली खटिएको थियो । दुर्घटनामा संलग्न मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको छ ।

# 'राष्ट्रिय एकता कायम राख्न .........

समझदारी एवं सहकार्यमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रममा सहभागी भई लिएको कर्जाबाट स्याङ्जाको बिरूवा गाउँपालिका-५ का शोभाकान्त पौडेलले सञ्चालन गरेको लगनशील कृषि फर्म उद्यम व्यवसाय सर्वोत्कृष्ट भएबापत उनलाई प्रशंसापत्र प्रदान गरिएको थियो । सोही अवसरमा सैनिक कल्याणकारी कोषको हिताधिकारीहरूमध्ये लमजुङको मध्यनेपाल नगरपालिका-९ का लक्ष्मनबहादुर रानाभाटले सञ्चालन गरेको रानाभाट बाख्रा फार्म उद्यम व्यवसाय उत्कृष्ट घोषित भएकामा उनलाई प्रशंसापत्र प्रदान गरियो।

www.bhanjyangnews.com


## डिभिजन वन कार्यालय तनहुँको अनुरोध

- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

तसर्थ,

- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

**डिभिजन वन कार्यालय**

दमौली, तनहुँ । फोन : ०६५-५६३१३५



## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**चैत्र २८ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**

वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ

(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

**१. छाला सम्बन्धी रोगहरू:**
- अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु
- चिलाउने, सुन्निने, फोकाहरु आउने
- खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या
- सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरू (Male/Female):**
- यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने
- यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध
- शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता
- यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ (Leprosy) रोग:**
- छालामा संवेदनाहीन रङ फेरेको दाग
- हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने
- कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु
- लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा (Aesthetic Dermatology):**
- छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार
- फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट
- मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु
- हेयर ट्रीटमेन्ट तथा लेजर सेवा
- कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ चैत्र २६, बिहीबार
April 09, 2026



**नर्स तथा पारामेडिक्सहरूलाई सचेतनामुलक कार्यक्रम :** तनहुँको शुक्लागण्डकी नगरपालिका–५ वेलचौतरास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा नियमित सिपिडी कार्यक्रम अन्तर्गत अस्पतालमा कार्यरत सम्पूर्ण नर्स तथा पारामेडिक्सहरूलाई संक्रमण रोकथाम तथा नियन्त्रण विषयमा सचेतनामूलक कार्यक्रम गरिदै । *तस्विर : भञ्ज्याङ*

# राष्ट्रियसभाको पौने २ घण्टा : सरकारका कामको प्रशंसादेखि खबरदारीसम्म

**नारायण न्यौपाने**/काठमाडौं

संघीय संसद् राष्ट्रियसभा अन्तर्गतका चारवटै विषयगत समितिले आ–आफ्नो नेतृत्व पाएको छ । उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहमतिमा मङ्गलबार चारवटै संसदीय समितिका सभापति निर्विरोध हुनुभएको थियो । निर्विरोध निर्वाचित हुनेमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति पूजा चौधरी, संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति जयन्तीदेवी राई, विकास, आर्थिक मालिमा तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेल र विधायन व्यवस्थापन समितिका सभापति कृष्णबहादुर रोकाया हुनुहुन्छ।

संघीय संसद् सचिवालयमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले उहाँहरुलाई शपथ गराउनुभयो । शपथलगत्तै उहाँहरूले आ–आफ्नो समितिमा पुगेर पदबहाली गर्नुभयो । पदबहाली गर्ने क्रममा समिति कार्य क्षेत्रभित्र रही देश र जनताकाहितका लागि कानून निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखेर काम गर्ने उहाँहरूले प्रतिबद्धता जनाउनुभयो ।

समाजका विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधित्व रहने ५९ सदस्यीय उक्त सभामा हाल पुरूष ३५ र महिला २२ जना सदस्य रहनुभएको छ। राष्ट्रियसभामा हाल नेपाली कांग्रेसका २४, नेपाली कम्युनिष्ट पार्टीका १७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का १०, जनता समाजवादी पार्टी नेपालका दुई, मनोनित दुई, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीका एक/एक सदस्य हुनुहुन्छ।

समाजका विभिन्न क्षेत्रका विज्ञ, अनुभवी र परिपक्व व्यक्तिहरूको सहभागिता रहने यस सभालाई संविधानले राष्ट्रियसभालाई स्थायी व्यवस्थापकीय अङ्का रुपमा परिकल्पना गरेको छ । सीमान्तकृत, लोपन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रको सुदृढीकरणका लागि यो सभाले विशिष्ट योगदान दिंदै आएको छ।

यसैबीच, राष्ट्रियसभाको आजको बैठकमा भाग लिने सदस्यहरूले राष्ट्रिय हितका लागि दलबीच मेलमिलाप, सहमति र सहकार्यको आवश्यकता औँल्याउनुभयो । बैठकको विशेष समयमा सदस्यहरुले सबै राजनीतिक दल र नेताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितमा लाग्नुपर्नेमा जोड दिनुभयो।



सदस्यहरूले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र दिने निर्णय सच्याउन, जेनजी आन्दोलनको घटनाका दोषीलाई कारबाहीको दायरामा ल्याउन, एसियामा भएको द्वन्द्वले मुलुकमा महँगी बढेको र जनजीवन प्रभावित भएकाले त्यसतर्फ ध्यान पुर्‍याउन, भ्रष्टचार नियन्त्रण, बढ्दो आयात र महँगी नियन्त्रण गर्न माग गर्नुभयो। उहाँहरूले रूग्ण तथा बन्द उद्योगको सञ्चालन, सन्तुलित पराष्ट्र नीति, सामाजिक न्याय कायम, जनताको हितअनुसार संविधान संशोधनका लागि आवश्यक पहल सरकारलाई सुझाव दिनुभयो ।

राष्ट्रियसभामा प्रतिपक्षी दलहरूको मात्रै उपस्थित भए पनि मन्त्रिमण्डलको समावेशी चरित्र, सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीलगायत वर्तमान सरकारका कतिपय सुरूआती प्रयासबारे प्रशंसा भएको थियो । उहाँहरूले जनतासामु गरिएको प्रतिबद्धता अनुरूप लोकतन्त्र र सुशासन प्रवर्द्धनको अभियानलाई ठिक ढङ्ग नबढाएमा आफूहरूले त्यसको खबरदारी गर्ने बताउनुभयो।

विशेष समयमा नेपाली कांग्रेसका सुनिलबहादुर थापा, नारायणदत्त भट्ट, विष्णुकुमारी सापकोटा र खम्बहादुर खाती, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का जयन्तीदेवी राई, सुरेश आले मगर, भुवनबहादुर सुनार, नेकपा (एमाले)का सांसद सम्झना देवकोटा, मीनासिंह रखाल र रोश्नी मेचे, जनता समाजवादी पार्टी नेपालका सांसद मोहम्मद खालिद, राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले वक्ताका रूपमा भाग लिनुभयो ।

यसअघि बैठकको शून्य समयमा भाग लिने सदस्यहरूले मध्यपूर्व एशियाको द्वन्द्वकाकारण पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकीमा परेका मूल्यवृद्धिको चपेटा र प्रभावबारे सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै खाद्यान्नमा आत्मनिर्भर र कृषि क्षेत्रमा लगानी अभिवृद्धिका लागि सुझाव दिनुभयो। उहाँहरूले भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन, बलात्कार र हिंसाका घटनामा दोषी देखिएमाथि कडा कारबाही गर्न तथा पीडितलाई तत्काल न्याय दिन सरकारसँग माग गर्नुभयो ।

बैठकमा भाग लिने सदस्यहरूले खेतीबालीका लागि समयमै मल, बीउ र अन्य आवश्यक सामग्रीको व्यवस्था गर्न र कृषि बालीमा हानी पुर्‍याउने वन्यजन्तुको व्यवस्थापन गर्न, कर्णालीका विषय अब बजेट र भाषणमा होइन योजना कार्यान्वयन ल्याउन तथा संविधानको प्रभावकारी कार्यान्वयन गरी विशेष कार्यक्रम घोषणा गर्न माग गर्नुभयो ।

वर्डफ्लुका कारण कुखुरापालक किसान मर्कामा परेको जनाउँदै सांसदहरूले किसानलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारसँग आग्रह गर्नुभयो । शून्य समयमा सदस्यहरु धर्मेन्द्र पासवान, गीता देवकोटा, मिनासिंह रखाल, रेखाकुमारी झा, ललितजङ्ग शाही, सोमनाथ पोर्तेलले भाग लिनुभयो । सभाको कार्यसूचीअनुसार प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

अध्यक्ष दाहालको अध्यक्षतामा करिब एक घण्टा ४५ मिनेट सञ्चालन भएको राष्ट्रियसभा बैठकमा सरकारका प्रतिनिधिकारूपमा मन्त्री रावल र महिला, बालिबालिका तथा जेष्ठ नागरिकमन्त्री सीता बादी उपस्थित हुनुहुन्थ्यो । करिब एक घण्टा नवनिर्वाचित उपाध्यक्ष लीलाकुमारी भण्डारीले बैठक सञ्चालन गर्नुभएको थियो ।

त्यसअघि बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादामा हेरफेरसम्बन्धी पत्र वाचन गरेर सुनाउनुभयो । राष्ट्रियसभाको अर्को बैठक यही चैत २७ गते शुक्रबार अपराह्न ४:१५ बस्नेछ । रासस

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

**ऋणबारे त पढ्नुभयो, देशको बजेट पढ्ने गर्नुभएको छ?** परिवारका सदस्यका रूपमा घरको आयव्यय र नागरिकका रूपमा देशको बजेटबारे सामान्य ज्ञान राख्नु आवश्यक छ । अहिले कार्यान्वयन भइरहेको बजेट अर्थमन्त्री विष्णु पौडेलले प्रस्तुत गर्नुभएको हो । एक वर्षमा देशले १९ खर्ब खर्च गर्ने त्यसमा उल्लेख छ । बीचमा ३० अर्ब जति त चुनाबमैं एक्स्ट्रा खर्च भयो । अरबौंका सरकारी संरचना, गाडी, कागजात, फर्निचर र कम्प्युटरहरु जलेकाले त्यसको भार पनि थपियो। त्यो बजेट अनुसार यो वर्ष देशले गर्ने आम्दानी जम्मा १३ खर्ब हो। त्यो पनि आन्दोलन, चुनाब, आगजनी आदिले गर्दा नहुने होला । आम्दानी १३को र खर्च १९ को भएपछि बीचको ६ खर्ब जति कि त माग्ने, कि ऋण लिने नै हो । बजेटले आधा खर्ब जति मागेर काम चलाउने अनि पाँच खर्ब जति ऋण लिने उद्देश्य राखेको छ। त्यसअघि रास्वपा र माओवादीको बजेटले पनि ६ खर्ब जति रिण लिने गरी बजेट बनाएको थियो । त्यहाँ पनि अलिकति माग्ने कुरा थियो । अबको स्वर्णिम बजेट पनि यस्तै आउने हो ! थोरै माग्ने हो, अरु ऋण लिने हो । ऋणको ब्याज र किस्ता तिर्न पनि फेरि ऋण लिने हो । पाइन्छ भने ऋण लिएर चलाउनुभन्दा मागेर चलाउनु अहिलेका लागि राम्रो हो । भारत, चीन र जापानले पनि मागेर चलाएका हुन् । ऋण नलिने हो भने यो बजेट कार्यान्वयन हुँदैन। यताउता काटेर चुनाब भयो, ढढेका कार्यालयमा रङ्गरोगन भयो । अब कर्मचारीको तलब काट्ने कुरो भएन, सेनाको रासनपानी कटौती गर्न मिलेन । शिक्षक र मेयरउपमेयरलाई पनि दिनै पर्यो । मुख्यमन्त्री पनि पाल्नै पर्यो । भित्तो कोपर्ने कुरो भएन । आजको आज सुनखानी खोजेर खरब कमाउन सकिन्न । समस्या आफू सत्तामा नहुँदा सरकारले ऋण थप्यो, डुबायो भन्ने भाष्य निर्माण गर्नुमा छ । केपी ओलीले यति र उति ऋण बोकाए भनेर एकतर्फी विरोध गर्नुमा छ । आज अर्कोले त्यही गर्दै छ ।

देशको राजश्व भनेको हामीले तिर्ने कर हो । व्यक्तिगत रूपमा त त्यो ढाड नै सेक्ने खालको छ तर त्यो समग्रमा धेरै छैन । त्यसले ठूला विकासयोजना र यसअघिका ऋण तिर्न सक्दैन । बस् संघीयता, कर्मचारी र नियमित खर्चमा त्यो सकिन्छ । रेल बनाउन, स्वास्थ्य बीमा भुक्तानी गर्न, सडक चौडा पार्न, डिजिटल सरकार बनाउन या एअरपोर्ट बनाउन सरकारसँग पैसा छैन । ऋण दुई थरी हुन्छन् । आन्तरिक र बाह्य। आन्तरिक भनेको देशभित्रैबाट लिने । दुर्भाग्य के छ भने आन्तरिक ऋण महँगो छ। महिनाको सयकडा पाँचसम्म ब्याज असुलेको समाज न हो हाम्रो । आन्तरिक ऋणको सरदर ब्याज ६% जति पर्न आउँछ। त्यो लामो समय चलाउन पनि पाइन्न। ६–७ वर्षमैं फिर्ता गर्न पर्छ। हामीमध्ये कसले बीस वर्ष कुर्छ र?

हामी अझै गरिब नै भएकाले बाह्य ऋण सस्तो छ । सरदर २% जतिमा आउँछ । भाका पनि लामो हुन्छ । जापानले त निर्ब्याजे जस्तो दिन्छ । विदेशी ऋणसँग कडा शर्त र अनुगमन पनि आउने हुनाले त्यसको कार्यान्वयन अलि भरपर्दो पनि हुन्छ । तिनले ऋण दिनुअघि प्रोजेक्ट कत्तिको आवश्यक र औचित्यपूर्ण छ भन्ने पनि हेर्छन् । अडिटको कुरा हेर्छन् । केही शर्त हाम्रा प्रतिकूल पनि हुन सक्छन् । ऋण सही र खराब भन्ने हुँदैन । मुम्बई घुम्न मन लागेर लिएको ऋण र सिलाई मेसिन किन्न लिएको ऋण उस्तै हुँदैन ।

आजकै मितिमा ऋण नलिने भन्ने सम्भव छैन ! कसैले त्यस्तो प्रतिबद्धता जनाएको भए त्यो पपुलिज्ममात्रै हो । तर ऋण घटाउन सकिन्छ । आम्दानी बढाउने र खर्च घटाउने हो भने ऋण त्यसै घट्छ । तर खर्च घट्दा आम्दानी पनि घट्ने डर हुन्छ। हर्क मोडल अपनाएर सबै प्रोजेक्टमा श्रमदान गर्ने हो भने ऋण घट्छ । तर ऋण ठप्प हुँदैन । श्रमको कारणमात्रै ऋण बढेको होइन, श्रम सस्तो नै छ ! वस्तु र प्रविधि किन्नै पर्यो । देशमा निजी क्षेत्रसँग ठूलो पैसा पार्क भएर बसेको छ । विकासका मोडल परिवर्तन गरेर निजी क्षेत्रलाई सक्रिय बनाए पनि ऋण घट्छ! यो सरकारले खर्च कटौतीका प्रयास गरेको छ ! मन्त्रालय नै सानो र चुस्त छ ! सल्लाहकार र निजी सचिब हटाएको छ ! अर्थमन्त्रीले अनावश्यक र बोझिला संरचना हटाउने कोसिस गर्दै छन्। अर्थहीन विदेश भ्रमण र अनावश्यक तामझाम रोक्ने प्रयास देखिन्छ । वडा सदस्य समेत कम गर्न सकिने छलफल चलेको छ। संविधान संशोधन नगरी धेरै काम चाहेर पनि गर्न सकिन्न । तर आर्थिक मितव्ययिताका दृष्टिले सरकारको कदम ठीक ठाउँमैं छ । तर निजी र बाह्य क्षेत्रलाई विश्वस्त बनाएर लगानीको वातावरण बनाउने कामचाहिँ बाँकी नै छ । फेयर र विश्वसनीय न्यायिक प्रणाली नबनाई विश्वास आर्जन हुँदैन ! अरु देशले जिडीपीको यति र उति ऋण लिएका छन् । अमेरिकाको यति छ । हामीले लिएर के हुन्छ र भन्ने पनि छन् । तर सबै अर्थतन्त्र एउटै हुँदैन । हाम्रो मुद्रा पनि डलर होइन । खुरूखुरू छापेर तिर्न सकिन्न । हाम्रो ऋण उत्पादनमूलक या नाफामूलक क्षेत्रमा गइरहेको पनि छैन । वित्तीय अनुशासन र प्रोजेक्ट डेलिभरी पनि हाम्रो गतिलो छैन । अहिल्यै ऋणको साँवाब्याज र विकास खर्च बराबर भइसक्यो । धेरै ऋणले डुबाउन सक्छ ! सचेत त बन्न पर्छ! अर्थतन्त्र बन्न लामो समय लाग्छ । आजको भोलि त्यसमा केही परिवर्तन हुन्न । इमानदार कोसिस भए अलि छिटो होला । सम्भव भएसम्म हर्क मोडल पनि अपनाउने, प्रशासनिक खर्च कटौती गर्ने, राज्यका नियामक निकाय बलियो बनाउने, निजी क्षेत्रलाई सौताको जस्तो व्यवहार नगर्ने र उत्साहित बनाउने, समयमा ठेक्का पूरा हुने स्थिति बसाल्ने र देशका सम्भावनाहरूलाई पहिचान गरेर गतिशील बनाउने हो भने बिस्तारै ऋण कम हुन्छ या लिएको ऋणले अर्थतन्त्र वृद्धि हुन्छ ! खासगरी गैरबजेट वाला ऋणचाहिँ दुरूत्साहन नै हुनुपर्छ। विरोध गरौं । तर त्यसअघि देशको अवस्था पनि बुझौं । विरोधकै लागि विरोधचाहिँ नगरौं ! अरूले पनि गरेका थिए भन्ने बेइमान तर्क पनि प्रयोग नगरौं! बाँकी त मभन्दा जान्ने तपाई नै हुनुहुन्छ! बिग्रेको ठाउँमा सुझाउनुहोला !

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोन:** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४